## नगरसभाको १९ औं अधिवेशनका निर्णयहरु
## (मिति २०८३ असार ३१ गते)

**निर्णय नं.१:**
नगर उप प्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री खुम बहादुर वि.क. बाट प्रस्तुत भएको शुक्लागण्डकी नगरपालिका अन्तर्गतका विषयगत समिति, सबै शाखा र वडा कार्यालयहरुको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को आय व्यय सहितको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । बजेट तथा कार्यक्रमलाई अनुसूचीको तालिकामा समावेश गरिएको छ ।

**निर्णय नं.२:**
शुक्लागण्डकी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा पेश भएको विनियोजन विधेयक, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:**
शुक्लागण्डकी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न शुक्लागण्डकी नगरपालिकाको आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल पश्चात स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:**
शुक्लागण्डकी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भएका निर्णय तथा खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:**
शुक्लागण्डकी नगरपालिकाको नगरसभा, नगरकार्यपालिका, नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई विपक्षी बनाई जुनसुकै अदालतमा दायर हुने मुद्दा मामिलाको सम्बन्धमा कानुनी प्रतिरक्षा गर्न आर्थिक वर्ष २०८३/०८४ का लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:**
यस शुक्लागण्डकी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय र मातहतका निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भई सोही अनुसार पदपूर्ति भएमा स्वत सम्बन्धित पदबाट हट्ने गरी आगामी आर्थिक वर्ष २०८३/०८४ मा कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा र अनुशासन तथा आचरण पालना नगरेमा

कार्यालयले जुनसुकै बखत करार सेवाबाट हटाउन सक्ने गरी मिति २०८३ पौष मसान्तसम्म ६ महिनाको लागि करार सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं.७:**

शुक्लागण्डकी नगरपालिका न्यायिक समितिका संयोजकज्यूबाट पेश भएको न्यायिक समितिको प्रतिवेदन माथि छलफल तथा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.८:**

शुक्लागण्डकी नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६ बमोजिम नगरक्षेत्रमा क्रियाशिल भई सञ्चालनमा रहेका टोल विकास संस्थाहरुको वार्षिक रुपमा नवीकरण गर्नुपर्ने र अनिवार्य लेखापरीक्षण गर्नुपर्ने व्यवस्था बमोजिम लेखापरीक्षणका लागि लाग्ने लेखापरीक्षण खर्च नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं.९:**

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट मार्फत कर्मचारीहरुको सेवा सुविधामा १० प्रतिशत वृद्धि गरेकोले यस शुक्लागण्डकी नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि सोही बमोजिम व्यवस्था गर्ने र करार सेवामा कार्यरत कर्मचारीहरुको लागि साविकको सेवा सुविधामा न्यूनतम १० प्रतिशत वृद्धि गर्ने निर्णय गरियो।

**निर्णय नं.१०:**

शुक्लागण्डकी नगरपालिकाको महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा कायम भएको बेरुजुहरु मध्ये नियमित गर्नुपर्ने प्रकृतिका बेरुजु नियमित गर्न लेखा समितिबाट पेश भएकोले नियमित गरी समपरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने र प्रमाण कागजात पुर्याउने र असुल उपर सम्बन्धी बेरुजुको कारबाही गर्न नगरकार्यपालिकाको कार्यालयलाई अधिकार दिने निर्णय गरियो।

**निर्णय नं.११:**

साविक स्थानीय निकाय ( खैरेनीटार / दुलेगौंडा / ढोरफिर्दी / राईपुर / फिरफिरे / थप्रेक गा.वि.स. र शुक्लागण्डकी नगरपालिका ) मा स्थायी नियुक्त भै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कार्यरत रहेकै स्थानीय तहमा नै समायोजन भै कामकाज गर्दै आएका कर्मचारीहरुले अवकाश पछि पाउने उपदान रकम भुक्तानी सम्बन्धमा साविकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६, कर्मचारी समायोजन ऐन, २०७५ तथा गण्डकी प्रदेश सरकारबाट स्वीकृत (स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०, तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५४, मिति २०८१/१०/१३ अनुसार साविक बमोजिमकै व्यवस्था अनुरुप शुक्लागण्डकी नगरपालिकाबाट कम्तिमा १ महिना बराबरको रकम उक्त कोषमा जम्मा गर्न आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो।

***